दफा ४ तथा अनुसूची-१ को भाग-२ संग सम्बन्धित

# स्थानीय राजपत्र

## मनहरी गाउँपालिकाबाट प्रकाशित

खण्डः ७ संख्याः ११ मितिः २०८०/०९/२४

भाग-२

**मनहरी गाउँपालिका**

**गाउँपालिका अध्यक्षबाट प्रमाणित मिति : २०८०/०९/२४**

## मनहरी गाउँपालिकाको खेलकुद विकास कार्यविधि, (प्रथम संशोधन) २०८०

कार्यपालिकाबाट स्वीकृत मिति : २०८०/०९/२४

प्रमाणित मिति : २०८०/०९/२४

प्रस्तावना :

मनहरी गाउँपालिकाको खेलकुद विकास कार्यविधि, २०७९ को कार्यान्वयनगत जटिलतालाई हटाई कार्यप्रकृया सहज, सरल र सेवाग्राहीमैत्री बनाउन बाञ्छनीय भएकाले मनहरी गाउँपालिकाको खेलकुद विकास कार्यविधि, २०७९ मा पहिलो संशोधन गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम मनहरी गाउँपालिकाको खेलकुद विकास कार्यविधि, २०७९ (प्रथम संशोधन, २०८०) रहेको छ ।

(२) यो कार्यविधि मनहरी गाउँपालिकाको राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुनेछ ।

२. कार्यविधिको परिच्छेद ३ को वडा स्तरीय खेलकुद विकास सम्बन्धी व्यवस्थालाई दफा १२क कायम गरी उदफा (क) मा वडा स्तरीय खेलकुद विकास समितिको संयोजक खेलकुदको फरक फरक विधा तथा वडाबाट एक एक जना पर्ने गरी वडाले सिफारिस गरि पठाएको नौ जना सदस्यहरु मध्येबाट तत् तत् सदस्यहरु तत् तत् वडाका वडा स्तरीय खेलकुद विकास समितिको संयोजक रहने ।

३. कार्यविधिको दफा १२ लाई १२ ख कायम गर्ने ।

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया,मकवानपुर
बागमती प्रदेश,नेपाल

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत